# वागमती गाउँपालिका
## कृषि शाखा
### भट्टेडाँडा, ललितपुर
३ नं. प्रदेश, नेपाल ।

प.सं. ०७६/७७

च.नं. ४८

मितिः २०७६।०८।०६

**विषयः माटो परीक्षण शिविर बारे सूचना ।**

यस वागमती गाँउपालिकाको चालु आ व २०७६।०७७ को स्वीकृत माटो परीक्षण तथा प्रविधि विस्तार कार्यक्रम अनुसार यस कार्यालयले **माटो परीक्षण शिविर** कार्यक्रम सञ्चालन गर्ने भएकोले माटो परीक्षण गर्न चाहने इच्छुक कृषकहरूले तपशिल अनुसारको विवरण सहित आफ्नो खेतवारीको माटोको नमुना लिइ **मिति २०७६।०८।२० गते भित्र** यस कृषि शाखामा संकलन गरिदिनुहुन सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**माटोको नमुना साथमा पठाउनुपर्ने विवरण**

१ कृषकको नाम ठेगाना र सम्पर्क नः

२ नमुना लिएको स्थान र नमुना लिएको मितिः

३ हाल लगाइरहेको वाली र अब लगाउन चाहेको वालीः

४ सिंचाइको अवस्थाः

५ माटोमा केही समस्या देखिएको भएमाः

६ एउटा नमुना माटोको लागि कम्तिमा आधा के. जी. झारपात हटाएको धुलो माटो ।

७ फलफूल खेतीको लागि १ मि. गहिरो र तरकारी तथा खाद्यान्न वालीको लागि २० देखी २५ से.मी. गहिराइ सम्मको माटो लिनुपर्नेछ ।

८ माटोको नमुना प्लाष्टिकको झोला वा कपडामा हावा नछिर्ने गरि पोको पारी ल्याउनुपर्नेछ

सुवास खनाल

कृषि अधिकृत

**बोधार्थ**

श्री वडा कार्यालयहरू सबै ।

# माटो जाँचको लागि नमुना लिने तरिका



१ नमुना लिन चाहेको खेत तथा बारीबाट सबै भागको प्रतिनिधित्व हुने गरि S वा W आकारमा रेखाङ्कन गरि प्रति रोपनी ७-८ ठाँउबाट नमुना लिने ।

२ नमुना लिनु पुर्व नमुना लिने स्थानको माथिल्लो भागको झारपात हटाइ कोदाली वा अगरले दुई तिरबाट V आकारमा खनि तरकारी तथा खाद्यन्न वालीको लागि २० देखी २५ से.मी. र फलफूलको लागि १ मिटर गहिरो खाडलको तल देखि माथि सम्मकै १ इन्च बाक्लो हुनेगरी नमुना लिने ।



३ सबै नमुना लिइसकेपछि एकैठाँउ मिसाएर माटोमा भएको झारपात तथा ढुंगाहरू हटाएर डल्लाहरू फुटाइ मसिनो बनाउने ।

४ अब माटोलाई सफा प्लाष्टिक वा पेपरमा गोलो आकारमा फिजाइँ चित्रमा देखाइ झै चार भाग लगाइ दुई भागको माटो हटाउदै फेरी चार भाग लगाएर दुई भागको हटाउदै आधा के जी सम्म नहुन्जेल सम्म यो प्रकृया गरिरहने ।




५ यसरी तयार गरेको आधा के जी माटोको नमुनालाई छाँयामा सुकाइ सफा थैलोमा राखेर सेतो पेपरमा तलको विवरण भरी माटो प्रयोगशाला वा कृषि विकास शाखामा पठाउनुहोस् ।

कृषकको नामः

सम्पर्क नः

ठेगानाः

नमुना लिएको स्थानः

नमुना लिएको मितिः

हाल लगाइरहेको वालीः

अब लगाउन चाहेको वालीः

सिंचाइको अवस्थाः

माटोमा केही समस्या देखिएको भएमाः

**नोटः** नमुना लिदा सबै खेत बारीको प्रतिनिधित्व हुने गरि लिनुपर्छ । जमिन हिलो भएको अवस्था, मल थुपारेको स्थान, तथा भरखरै मलखाद दिएको ठाँउबाट नमुना लिनु हुदैन ।

थप जानकारीको लागि
वागमती गाँउपालिका
कृषि विकास शाखा
भट्टेडाँडा ललितपुर

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कृषि शाखा, ललितपुर
३ नं. प्रदेश, नेपाल